म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३८ २०८० पुस १० गते मंगलबार 26 December 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं ।**

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**मेरी ख्रिष्टमसः** इसाई धर्मावलम्बीहरुको पर्व ख्रिष्टमसको अवसरमा सोमबार खुसियाली मनाउँदै एक समूह । ख्रिष्टमसको अवसरमा सान्टा क्लजको विशेष पोशाकमा सहभागी हुने गर्दछन् । ख्रिष्टमसको अवसरमा संघीय सरकारदेखि स्थानीय सरकारले समेत सार्वजनिक विदा दिएका थिए ।

## आज बुद्धचोकमा निशूल्क योमरी

समाज संवाददाता

हेटौंडाः धान्य पूर्णिमाको अवसरमा नेवा देय दबु मकवानपुर जिल्ला समितिले आज मंगलबार हेटौंडा बजारको बुद्धचोकमा निशूल्क योमरी वितरण गर्ने भएको छ । नेवारी समुदायको मौलिक परिकारको रुपमा रहेको योमरी धान्यपूर्णिमाको अवसरमा खाने गरिन्छ । चामलको पिठोबाट बनाइने विशेष परिकार आम सर्वसाधारणले पनि विशेषरुपमा रुचाउने गरेका छन् ।

धान्यपूर्णिमामा योमरी खाने भएकोले यसलाई योमरी पूर्णिमा समेत भन्ने गरिएको छ । पर्व विशेषमा खाने मौलिक परिकारलाई आम नागरिकसम्म पुऱ्याउन र आफ्नो जातीय मौलिकता प्रवर्द्धन गर्न यस किसिमको कार्यक्रमको आयोजना गरिएको नेवा देय दबु हेटौंडा उपमहानगर समितिकी अध्यक्ष प्रतिमा श्रेष्ठले जानकारी दिनुभएको छ । बुद्धचोकमा दिनको १ बजेदेखि ३ बजेसम्म निशूल्क योमरी वितरण गरिनेछ । नेवा देय दवुले पहिलो पटक धान्य पूर्णिमाको अवसरमा निशूल्क योमरी वितरण गर्न लागेको हो ।

## १ करोड १५ लाखको प्याज नियन्त्रण



प्रहरीले नियन्त्रणमा लिएको प्याज ।

समाज संवाददाता

हेटौंडाः बारा प्रहरीले १ करोड १५ लाख रुपैयाँ बराबरको प्याज नियन्त्रणमा लिएको छ । भदौ महिनादेखि हालसम्म १ करोड १५ लाख रुपैयाँ बराबरको अवैध प्याज नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय बारा मातहत समेतबाट खटिएको प्रहरी टोलीले विभिन्न समयमा अवैध रुपमा ल्याइएको प्याज बरामद गरेको थियो । भारतबाट भन्सार छलेर अवैध रुपमा विभिन्न समयमा नेपाल भित्रिएको उक्त प्याज प्रहरीले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको प्याज आवश्यक कारावाही र अनुसन्धानका लागि बाराको पथलैयास्थित राजश्व कार्यालयका बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । नेपालमा पछिल्लो समय प्याजको मुल्य महङ्गो भएपछि भारतबाट अवैध रुपमा प्याज भित्रिने गरेको छ ।

## आज उधौली, धान्यपूर्णिमा पर्व मनाइँदै

समाज संवाददाता

हेटौंडाः किराँतहरुको पर्व उधौली आज मनाइँदै छ । उधौली पर्वको अवसरमा सरकारले सार्वजनिक बिदा समेत दिएको छ । नेपालमा उधौली पर्व विशेषगरी भूमिपुत्र मुलवासी किराँत समुदायका सुनुवार, राई, लिम्बु र याख्खाहरुले मनाउने गर्दछन् ।

हरेक वर्षको मंसिर पूर्णिमाका दिन उधौली पर्व पर्दछ । किराँतीहरुको मान्यता अनुसार उधौलीदेखि हिउँद शुरु हुन्छ र हिँउदको शुरु भएलगत्तै लेकबाट बस्तुभाउ अनि चराचुरुंगी लेकबाट बेसीतिर बसाई सर्ने समय भएको संकेतका रुपमा लिइन्छ । उधौली पर्व एकदिन तोकेपनि किरातीहरुले १५ दिनसम्म विभिन्न कार्यक्रम गरेर मनाउने गर्दछन् । आज मंगलबार किराँत दाजुभाई तथा दिदि-बहिनीहरु परम्परागत भेषभुषा लगाएर सार्वजनिक स्थलमा भेला भएर पारम्परिक 'साकेला' नृत्य प्रस्तुत गर्ने चलन छ । साथमा परम्परागत बाजागाजाहरु एवम् विशेषत किराँत संस्कृतिको अमूल्य साङ्गीतिक बाजाहरू ढोल, झ्याम्टा आदि बजाईन्छ ।

त्यसैगरी आज योमरी पुन्हि र धान्य पूर्णिमा तथा ज्यापु दिवस् समेत रहेको छ । आजका दिन मार्ग शुक्ल पूर्णिमा ६:२९ सम्म रहेको छ । मंगलबार देशैभरी छरिएर रहेका विविध प्राचिन संस्कृति र परम्पराका धनी नेवार समुदायले योमरी पुन्हि मनाउने गर्दछन् । कृषि कार्यसँग भोलिको धान्य पूर्णिमाले विशेष महत्व बोकेको हुन्छ । योमरी पुन्हि अर्थात् पूर्णिमाबाट औपचारिक रुपमा धान काट्ने कार्य सम्पन्न गरिन्छ । त्यसैले आजको दिनलाई धान्य पूर्णिमा समेत भनिएको हो । नयाँ धानको चामलको पिठोलाई माछाकोजस्तो स्वरुप बनाएर त्यस भित्र चाकू, तिल, दूधको खुवा आदि राखेर पानीको बाफबाट योमरी तयार पारिन्छ ।

## स्कुटर दुर्घटनामा श्रेष्ठको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका-१, बुढापोखरीमा स्कुटर आफैं अनियन्त्रित भई सडकबाट खस्दा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४५ वर्षीय मंगल बहादुर श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार बुढापोखरीबाट पर्खालचौर जाँदै गरेको बा ४१ प २५३२ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई सडकबाट २० फिट तल खस्दा श्रेष्ठको घट्नास्थलमा नै मृत्यु भएको थियो । स्कुटर सवार ३० वर्षीय कुमार श्रेष्ठ गम्भीर घाईते भई उपचारर्थ शिरमेमोरियल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

## अवैध लागुऔषधसहित ४ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः बारा प्रहरीले अवैध लागुऔषध ट्याबलेटसहित ४ जना पक्राउ गरेको छ । आइतबार ईलाका प्रहरी कार्यालय सिमरा र निजगढबाट खटिएको प्रहरी टोलीले अवैध लागुऔषध ट्याबलेटसहित ४ जना पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिनुभयो ।

आइतबार दिउँसो ३ बजेको समयमा ईलाका प्रहरी कार्यालयले जीतपुर-सिमरा उपमहानगरपालिका-३ बजनीबाट प्र २ ०३-०१६ प ०८८८ नम्बरको मोटरसाइकल लुकाई छिपाई ल्याउँदै गरेको अवैध लागुऔषध बरामद गरेको थियो । प्रहरीले लागुऔषध ट्रमानिल १८ पत्ता १ सय ८० ट्याबलेट, फेनार्गन २ सय ९६ पिस, डाईजेपाम ३ सय ३ पिस र बुप्रो नोर्फिन ३ सय पिससहित मोटरसाइकल चालक ४३ वर्षीय जयशंकर प्रसाद यादव, पछाडी सवार २४ वर्षीय मनिष कुमार साह, बारा जिल्लाको निजगढ नगरपालिका-८ बुद्धचोकका २० वर्षीय विवेक मोक्तान र जितपुर-सिमरा उपमहानगरपालिका-१६ टांगियाका २० वर्षीय सागर तामाङ रहेको न्यौपानेले जानकारी दिनुभयो ।

अवैध लागुऔषधसहित ४ जनालाई नियन्त्रणमा लिई आवश्यक कानूनी प्रक्रिया पूरा गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बारा लगिएको प्रहरीले जानकारी दिएको छ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com




## खोलामा डुबेर बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-९, ढिकुवामा खोलामा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा कालिका नगरपालिका-११ बस्ने १२ वर्षीय विकास चेपाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चेपाङ आइतबार बिहान १० बजेर ३५ मिनेटको समयमा खगेडीखोलामा पौडी खेल्ने क्रममा डुबी बेपत्ता भएका थिए । चेपाङ खोलामा डुबी बेपत्ता भएको खबर प्राप्त हुनासाथ प्रहरी टोलीले खोजी गर्दा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।



# सम्पादकीय

## उपमहानगरको सकारात्मक संकेत

हेटौंडा उपमहानगरपालिका र हेटौंडा जस्तै देशका सात सय ५३ वटै पालिकाहरु संविधानले परिकल्पना गरेको नेपाली नागरिकको तल्लो तहको सरकार हो । हिजोका दिनमा पनि राज्य व्यवस्थाले नागरिकको सेवामा तल्लो तहसम्म आफ्ना संरचना विकास नगरेको होइन । तर, नेपालको संविधान २०७२ ले परिकल्पना गरेको स्थानीय सरकार भने सरकारको पूर्ण संरचनासहितको सरकार हो । वर्तमान स्थानीय सरकार आफैंमा कानुन निर्माण गर्नेदेखि कानुन कार्यान्वयन गर्ने र कार्यान्वयन गरिएका कामकारवाहीको नियमित अनुगमन समेत गर्ने गरी अधिकार प्राप्त छ । तर, नेपालका अधिकांश स्थानीय सरकारले आफूलाई शक्तिशाली र जनताप्रति उत्तरदायी बनाउन सकेको छैन । बरु प्राप्त अधिकारलाई कसरी आफू अनुकुल हुने गरी सीमित लाभको लोभबाट प्रेरित भएको देखिन्छ । यसले स्थानीय सरकारको प्रभावकारिता देखिएको छैन । अर्कोतर्फ आम नागरिकमा निराशा पनि पैदा भएको छ ।

केही समययता हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठकका निर्णय सार्वजनिक नभएको भनी हामीले निरन्तर झक्झक्याउने प्रयास गर्‍यौं । जनप्रतिनिधि र जनसेवक कर्मचारीको संयुक्त संरचनाको रुपमा रहेको स्थानीय सरकारले के कस्ता निर्णय गरे भनेर जान्ने अधिकार आम जनतालाई छ । जनप्रतिनिधि र जनसेवकले के गरे भनेर जान्न पाउने नागरिकको अधिकारभन्दा अझ महत्वपूर्ण पक्ष त जनप्रतिनिधि र जनसेवकले आफूले गरेका निर्णयहरु जनतासम्म पुर्‍याउनु उनीहरुको जिम्मेवारीको विषय पनि हो । जनताका कुरा सुन्ने, बुझ्ने अनि जनअपेक्षाअनुसारको काम गर्ने सरकारको दायित्व हो । यदि जनताका कुरा सुन्दै, बुझ्दै गरेका निर्णयमा पनि कुनै किसिमको अपूर्णता र कमिकमजोरी भएको हुन सक्छ, त्यसलाई सच्याएर समेत जनअपेक्षा पूरा गर्नु जनप्रतिनिधि र कर्मचारी प्रशासनको जिम्मेवारी हो । यत्ति कुरा हेटौंडा उपमहानगरपालिकाका पदाधिकारी र कर्मचारी प्रशासनलाई बुझाउन हामीलाई ठूलै लडाइँ लड्नु परेको जस्तै भयो । यद्यपि हामीले स्थानीय सरकारलाई जिम्मेवार हुन प्रेरित गर्नुपर्छ भनेर निरन्तर घच्घच्याइरह्यौं ।

अन्ततः आइतबार हेटौंडा उपमहानगरपालिकाले गत शुक्रबार बसेको कार्यपालिकाका बैठकका निर्णयहरु सार्वजनिक गरेको छ । ११ बुँदामा कार्यपालिकाका निर्णयहरुको सार मात्रै सार्वजनिक भएका छन् । त्यसको विस्तृत विवरणबारे स्थानीय सरकारले अझ नगरवासीलाई बुझाउन सक्नुपर्छ । जनप्रतिनिधि र कर्मचारी जिम्मेवार हुँदा मात्रै हामीले आत्मसाथ गरेको विधि, प्रणाली सफल हुन सक्छ । हामीले आत्मसाथ गरेका विधि र प्रणालीमा यदि कुनै किसिमको सुधार आवश्यक छ भने पनि त्यसका लागि जनप्रतिनिधि र कर्मचारीतन्त्र जिम्मेवार हुनैपर्छ । हामीले हाम्रो स्थानीय तहको एउटा महत्वपूर्ण विषयलाई जिम्मेवार भएर उठान गर्दै गर्दा ढिलै भए पनि जनप्रतिनिधि र कर्मचारी प्रशासनले अपेक्षित काम गर्नुले भोलिका दिनमा हामीलाई अझ बढी जिम्मेवार भएर जनप्रतिनिधि र कर्मचारीतन्त्रलाई अगाडि बढ्न, बढाउन आफ्नो भूमिका निर्वाह गर्न प्रेरित गरेको छ । आशा छ हेटौंडा उपमहानगरपालिकाले आफूलाई जिम्मेवार भएर प्रस्तुत गर्नेछ ।

हाम्रो प्रणालीमा रहेका जनप्रतिनिधि र कर्मचारीतन्त्रले जिम्मेवार भएर काम नगरेकै कारण आज विधि र प्रणालीमाथि नै दोषारोपण भइरहेको छ । विधि र प्रणाली जति नै राम्रो भए पनि त्यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी प्राप्त गरेकाहरुले जिम्मेवार भएर काम गरिदिएन भने सिंगो विधि र प्रणाली नै असफलतातर्फ जाने निश्चित छ । अहिलेको सन्दर्भमा नेपालमा पनि विधि र प्रणालीमाथि नै प्रश्न उठिरहेको छ । हाम्रा सरकारहरुले आफ्ना निर्णय समेत सार्वजनिक गर्ने जिम्मेवारीलाई नबुझ्दा लोकतन्त्रजस्तो असाध्यै जिम्मेवार प्रणालीलाई कसरी सम्हाल्न सक्छन् ? विधि र प्रणालीलाई बुझ्ने क्षमताका प्रतिनिधि र कर्मचारीतन्त्र नहुनु नै अहिले विधि र प्रणालीमाथि दोषारोपणको मूल कारण हो । आम नागरिकको तहमा पनि जनप्रतिनिधि र कर्मचारीतन्त्रमाथि प्रश्न गर्ने, खबरदारी गर्ने हिम्मत जरुरी छ । आशा छ आगामी दिनमा हामी सञ्चार माध्यमले मात्रै होइन, हरेक नगरवासीले जनप्रतिनिधि र कर्मचारीलाई जिम्मेवार हुन नियमित प्रश्न गरिरहनुपर्छ । ढिलै भए पनि हेटौंडा उपमहानगरले सकारात्मक संकेत देखाएको छ । आगामी दिनमा उपमहानगर अझ जिम्मेवार भएर प्रस्तुत हुने आशा गरौं ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : प्राविधिक सीपमुलक क्षेत्रका काममा आकर्षण।
**वृष** : सहयोगी र मित्रवर्गको सहयोग प्राप्त होला।
**मिथुन** : आएको अवसरलाई प्रयोग गर्दा राम्रो रहला ।
**कर्कट** : तर्क, विवाद र प्रतिस्पर्धामा विजय प्राप्त।
**सिंह** : साहस-हिम्मतह-आत्मबलले काममा पूर्णता ।
**कन्या** : बल प्रदर्शन र तुजुक देखाउने कामबाट टाढा रहँदा राम्रो ।
**तुला** : मान्यजनको सर-सहयोग प्राप्त हुने समय ।
**वृश्चिक** : कृषिक्षेत्र र श्रममुलक क्षेत्रमा खट्नु पर्ने समय छ ।
**धनु** : धार्मिक र सामाजिक काममा सरिक भईएला ।
**मकर** : व्यापार-व्यवसाय मध्यमकारक रहने समय ।
**कुम्भ** : शरीरमा जोस, जाँगर बढ्ने समय छ।
**मीन** : किर्ति र प्रतिष्ठामा बढोत्तरी हुने समय छ ।

# विद्यालय शिक्षा ऐनमा अपेक्षित प्रश्नहरु



✍ गेहनाथ गौतम

नीति र कानुन मुलुकलाई मार्गदर्शन गर्ने आधारहरु हुन् । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक, बाह्य सम्वन्ध वा प्रतिवद्धता र अन्य अवस्थाका सापेक्षतामा नीति तथा कानुनहरु बन्नु पर्दछ । नीति तथा कानुन तर्जुमा गर्ने चरणमा धेरै पक्षहरुको ख्याल गरिन्छ । विषयगत नीति वा कानुन बनाउँदा सो विषयलाई कसरी व्यवस्थित, स्तरीय, उत्पादनमूलक, स्वावलम्वी र सेवामूलक बनाउने भन्ने मूल मन्त्रलाई केन्दुविन्दुमा राखिन्छ । फरक फरक सरोकार समूह, दवाव समूह वा लाभग्राही र सेवाप्रदायकका आआफ्ना चाहना र रोजाइ रहन सक्छन् । तर कानुन तत्कालीन आवश्यकता र दीर्घकालीन प्रभावका बीचबाट सधै प्रगतिशील रहनु पर्छ भन्ने मान्यता रहिआएको छ ।

भनिन्छ, ढिला न्याय दिनु भनेको न्याय नै नदिनु सरह हो । भर्खैरैको घटना हो, एक जना शिक्षक साथीले आफ्नो बढुवामा चित्त नबुझेर उजुरी गर्नु भएछ । उजुरी पछि सो निकायले नतिजामा परिवर्तन देखेन छ । अनि फेरी न्यायिक निकायमा जानु भएछ । त्यसपछि सो निकायले उहाँलाई बढुवा सूचीमा कायम गरेछ । संयोगबस उहाँ यो अवधिमा नै सेवा निवृत्त हुनुभयो । उहाँले बढुवा भएको पदमा बहाल चाहिँ हुन पाउनु भएन । तर बढुवाको जेष्ठता चाहिँ आफूलाई चित्त नबुझेको बढुवा सूचनाले कायम गरेको मितिबाट नै लागु हुने गरी कानुनी उपचार पाउनु भयो । अब पेन्सनपट्टा बनाउन झमेला भयो । कानुन स्पष्ट भएन, निर्णयकर्तालाई निर्णय दिन कठिन भयो । कानुनले यस्ता विययमा पनि स्पष्टता कायम गर्न सक्नुपर्छ ।

नीतिले कानुन बनाउने आधार वा राज्यको मान्यता स्पष्ट पार्न सक्नुपर्छ । सार्वभौम संसदले यस्तै विषयमा गहिरिएर हेर्ने हो । राज्यको तत्कालीन र दीर्घकालीन हितप्रति सचेत रहँदै सरोकार पक्षहरूका भावनालाई राज्यको मूलनीतिसँग नबाझ्ने गरी अथवा राज्यलाई अहित नहुने गरी समेट्न आफ्नो कर्तव्य र अधिकारको उपयोग गर्ने हो ।

नेपालको संविधानले मुलुक कस्तो बनाउने हो र राज्यको गन्तव्य सेन्टर टु लेफ्ट कि सेन्टर टु राइट भन्ने विषयमा मध्यमार्गी मार्ग अवलम्वन गरेको छ । सरकार बन्ने वा मुलुक सञ्चालन गर्ने विषय चाहिँ संविधानअनुसार निर्वाचन आयोगमा दर्ता भएका मान्यता प्राप्त र जनअनुमोदित राजनीतिक दलका मान्यतासँग जोडिने भयो ।

यस अर्थमा सत्तारूढ राजनीतिक दलले आफ्नो मान्यतालाई संवैधानिक निर्देशको साँचोमा ढालेर अघि बढ्ने र आफ्नो विश्वासअनुसार जनसेवामा समर्पित हुने स्वतन्त्रता रहन्छ । ऐन निर्माण गर्दा सधैं सार्वभौम संसद र त्यहाँका संरचनाहरुमा प्रक्रियागत गहन छलफल बहसबाट राष्ट्रहितका पक्षमा खारिन सक्नु पर्छ ।

यतिबेला राज्यसञ्चालनको नयाँ संरचनासहित संविधान लागु भएको ८ वर्ष पुगेको छ । मुलुकलाई अत्यावश्यक र चाँडै बन्नुपर्ने कतिपय आधारभूत कानुनहरु अझै पनि बन्न सकेका छैनन् । यस्तो परिस्थितले तात्कालिक रुपमा सरोकारवालालाई र दीर्घकालिक रुपमा मुलुकलाई हानि पुगिरहेको हुन्छ ।

अहिले विद्यालय शिक्षा विधेयक संसदमा टेबुल भएको र सांसदहरुलाई संशोधन हाल्ने लगायतका संसदीय प्रकृया पुरा गरेर सम्बन्धित समितिमा दफावार छलफलको चरणमा रहेको छ । यस विधेयकमा १ सय ५२ ओटा संशोधन परेको भनेर सञ्चार माध्यममा आएका छन् । विधेयकमा संशोधन प्रस्ताव गर्ने अधिकार सांसदज्यूहरूलाई नेपाली जनताले दिएको कानुनी अधिकार र कर्तव्य दुवै हो । यसमा नकारात्मक टिप्पणी गर्ने उहाँहरूका प्रस्तावलाई अवमूल्यन वा अनदेखा गर्ने नागरिक धृष्ठता उचित होइन । सबै प्रस्तावहरूको आआफ्नै विशिष्ठता र महत्व रहन्छन् । संसदीय समितिमा यसबारे हुने छलफल चाहिँ निकै गहन विषयकेन्द्रित र तटस्थ रहन सक्नुपर्छ ।

### निःशुल्क र सशुल्क शिक्षा

नेपालमा जनप्रतिनिधिलाई अध्ययन कम गर्ने र सार्वजनिक खपतका लागि मात्र बोल्ने गरिएको भन्ने आरोप पनि रहने गरेको छ । कर्मचारीलाई टेक्नोक्रयाटका रुपमा मात्र पनि लिने गरिएको छ । शिक्षकलाई राजनीतिक दलका कार्यकर्ता र कर्तव्यप्रति कम जिम्मेवार पनि भन्ने गरिएको छ । अभिभावकलाई विद्यालयप्रति बेखबर रहने आरोप पनि लाग्ने गरेको छ । विद्वतवर्गलाई आत्मकेन्द्रित रहने र पक्षधर ताभन्दा पर रहेको पाउन कठिन भएको आरोप रहने गरेको छ । जनप्रतिनिधिका मातृसंस्थाहरूलाई मुलुकलाई सही दिशा दिन असमर्थ हुँदै गएका भन्ने गम्भिर आरोप लाग्ने गरेको छ । यस्ता सबै असन्तुष्टिहरु बेलामौकामा पेशागत समूहका नाममा, पीडित समूह, सचेत समूह वा अभियन्ताका नाममा अघि आउने गरेका छन् ।

अहिले शिक्षकको व्यवस्थापन र शिक्षामा निजी लगानीको व्यवस्थापनमा बढी चर्चा भएको अनुभूत हुन्छ । तर सरकारले निःशुल्क शिक्षाको प्रतिवद्धता गर्ने र लगानी बढाउँदै लैजाने (यद्यपि अपर्याप्त होला) अनि अभिभावकले चाहिँ सशुल्क शिक्षाप्रति भरोसा गर्दै जाने समस्या पनि रहेको छ । यस्तो अवस्थालाई चिरेर सार्वजनिक निकायप्रति भरोसा जगाउने र जनविश्वास सिर्जना गर्ने दिशामा स्पष्टता आवश्यक देखिन्छ । शिक्षामा निजी क्षेत्रको लगानीको वातावरण र नियमन मात्र होइन नेपालमा विदेशी पाठ्यक्रम पठनपाठन गर्ने प्रयत्नका बारेमा पनि विश्लेषण गरी मार्गनिर्देश गर्न आवश्यक छ ।

तीन तहका सरकारहरूको अभ्यास रहेको वर्तमान राज्य प्रणालीका सन्दर्भमा विद्यालय शिक्षालाई पाठ्यक्रमको मर्मअनसार सिर्जनात्मक बनाउने र सैद्धान्तिक भन्दा अभ्यासमा आधारित बनाएर योग्यताका प्रमाणपत्रसँगै कम्तीमा जीवनयापन गर्न सक्ने आधारभूत सिप सुनिश्चित गर्ने दिशामा कसरी केन्द्रित गर्न सकिएला भनेर खोज्न जरुरी देखिन्छ । यस्तो गुणात्मक शिक्षाको अपेक्षा पुरा गर्न कस्तो जनशक्ति ? कस्तो लगानी पद्धति ? कस्तो व्यवस्थापकीय संरचना ? अनि समयसापेक्षतामा कसरी नवीनकृत गरिरहने भन्ने स्पष्ट दिशाबोध आवश्यक छ ।

### २ तहको विद्यालय शिक्षा

विद्यार्थी मूल्याङ्कनको स्थापित पद्धति तोडेर वाह्य परीक्षाको अवसर घटाउदा गुणस्तरमा पर्ने प्रभाव अध्ययन आवश्यक छ । कक्षा ५, ८, १० र १२ मा विभिन्न तहबाट बाह्य परीक्षा गर्ने पद्धति कायम राख्न आवश्यक हो कि ? यसैगरी विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी २ तह मात्र कायम गरिएको विषयमा पनि विश्लेषण अपेक्षित देखिन्छ । समुदायमा अहिले पनि प्रारम्भिक बालविकास कक्षासहित वा बाहेक 'कक्षा १-३, १-५, १-८, १-१०, १-१२, र ०-१२ वा १२+ उच्च शिक्षा' संरचना अभ्यासमा रहेका छन् । यति धेरै विविधतालाई २ तहमात्र किन भन्नु परेको हो ? नेपालको संविधान जारी भएपछि शिक्षा ऐन २०२८ मा संशोधन गरी कक्षा ११ र १२ लाई विद्यालय शिक्षा संरचनामा ल्याउनु कति उचित हो ? प्रदेश तहमा विद्यालय शिक्षाको स्पष्ट अधिकार नभएको अवस्थामा प्रदेश स्तरीय संरचना कति आवश्यक छ जस्ता विषयमा पनि छलफल र दिशानिर्देश अपेक्षित देखिन्छ ।

शिक्षा सम्बन्धमा विगतमा बनेका कतिपय नीतिगत तथा कानुनी प्रवन्धहरु यो वा त्यो स्वार्थ समूह वा तत्कालीन बाध्यताका आधारमा संशोधन हुँदै प्रारम्भको मूल मर्मबाट धेरै टाढा पुगेका दृष्टान्तहरु पनि धेरै छन् । शब्दजालमा अल्मलिएर परिवेश अनुसार आपसमा बाझिने र फरक-फरक अर्थ लगाउन सकिने पनि बनेका छन् । विगतमा नीति तथा कानुनमा निर्माणकर्ताको विद्वता समटिने तर व्यवहारमा ल्याउन कठिन पर्ने विषयहरु पनि रहने गरेका छन् । दाताका लुप्त अपेक्षाहरु नजानीकनै जोडिने अनि प्रयोगशाला र गिन्नीपिग जस्तो बन्न पुगेका नीतिगत प्रवन्धहरू पनि छन् । यस्ता विषयमा जनअपेक्षा र यही क्षेत्रका अभ्यासकर्ताका भिन्नाभिन्नै अनुभवहरु हुनसक्छन् । पूर्वअनुभवका आधारमा वर्तमान आवश्यकता तथा वस्तुगत अवस्थाको तटस्थ र समीचिन विश्लेषण गर्न जिम्मेवार पक्ष चुक्न हुँदैन ।

*(गौतम शिक्षा मन्त्रालयका उपसचिव हुन् । अनलाईखबर)*

# बोर्डिङमा पढाउँदा उत्कृष्ट, सामुदायिकमा पढाउँदा असफल शिक्षक म !



✍ सुनिल धामी

शैक्षिक तथ्यांकहरुले देशमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर न्यून रहेको देखाउँछ ।

कक्षा १० को अन्तिममा लिइने एसइई र कक्षा आठको अन्तिममा लिइने डिएलई जस्ता परीक्षाहरुले पनि निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर न्यून रहेको देखाउँछन् ।

मैले शिक्षणलाई पेसा बनाएको करिब आठ वर्ष भएको छ । यो अवधिसम्म आइपुग्दा मैले पाँच वटा निजी विद्यालयमा शिक्षण गरेको छु ।

पछिल्लो समय करिब एक वर्षदेखि सामुदायिक विद्यालयमा शिक्षण गर्दैछु । सुरुआतमा मैले धनगढीका दुई वटा निजी विद्यालयमा पढाएँ । त्यसपछि एक वर्ष नुवाकोट, एक वर्ष जुम्ला र एक वर्ष रुकुम पूर्वको निजी विद्यालयमा । यो अवधिसम्म आइपुग्दा सामुदायिक विद्यालय र निजी विद्यालयको शैक्षिक गुणस्तरबीच निकै ठूलो खाडल रहेको मैले अनुभव गरेको छु ।

म त्यही एउटै शिक्षक हुँ, जसले निजी विद्यालयमा पढायो र सामुदायिक विद्यालयमा पढाइरहेको छ । मेरो शिक्षण कौशल त्यही हो । विधि उस्तै हुन् । मैले प्रयोग गर्ने शैक्षिक सामग्री तिनै हुन् । पाठ्यपुस्तक उही हो । समय ४५ मिनेट नै हो । मेहनत उही हो । मैले उपेक्षा गरेको नतिजा पनि उही हो । म, त्यही शिक्षक हुँ जसले निजी विद्यालयमा पढाउँदा विद्यार्थीहरुले उत्कृष्ट नतिजा ल्याउने गर्दथे । उनीहरुको विषयगत प्राप्तांक उच्च हुन्थ्यो । विद्यार्थी खुसी हुन्थे । अभिभावक प्रसन्न हुन्थे । मेरो कार्य सम्पादन उत्कृष्ट थियो । अर्थात् निजी विद्यालयमा म उत्कृष्ट शिक्षक थिएँ । थुप्रै पटक उत्कृष्ट शिक्षकको रुपमा स्कुल एनिभर्सरीमा 'अनर्ड' भएको थिएँ ।

बोर्डिङमा शिक्षण गर्दैगर्दा त्यो उत्कृष्टताको साख सामुदायिक विद्यालयमा शिक्षण गर्दैगर्दा जोगाउन सक्ने अवस्थामा म अहिले छैन । एक शैक्षिक सत्रको मध्यान्तरसम्म आइपुग्दा समेत मैले विद्यार्थीहरुमा अपेक्षाकृत सिकाइ उपलब्धि हासिल गराउन सकेको छैन । पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि विद्यार्थीमा विकास गर्न सकिरहेको छैन । मलाई हम्मे-हम्मे परिरहेको छ ।

सामुदायिक विद्यालयको शिक्षण यात्रा सकसपूर्ण छ । म निश्चित भइसकेको छु कि आउने केही शैक्षिक वर्षपछि सामुदायिक विद्यालयको सिकाइ उपलब्धि न्यून हुनुको दोष मेरो पनि पोल्टामा पर्नेछ ।

सतही दृष्टिकोणबाट हेर्दा हामी सामुदायिक विद्यालयको गुणस्तर न्यून हुनुमा मुख्य दोष शिक्षकको पोल्टामा थुपार्छौं । शिक्षकहरुको सत्तोसराप गर्छौं । अनि अल्छी, क्षमता नभएको, जाँगर नभएको इत्यादि दोषारोपण गर्छौं । मेरो पनि सामुदायिक विद्यालयप्रतिको पूर्वाग्रह त्यस्तै थियो । आफूले शिक्षण गर्न पाएँ केके न गर्थें होला जस्तो लाग्थ्यो । तर, नसकिने रहेछ ।

तुलनात्मक रुपमा केही गर्न नसकिएको भने होइन । विद्यार्थीले सिक्दै नसकेका, सिकाउनै नसकिएको पनि होइन । तर, समग्रतामा नतिजा ल्याउन चुनौती परेको हो । आवधिक परीक्षा, एसइई जस्ता वार्षिक परीक्षाहरुमा उच्च अंक ल्याउन र अधिकतम विद्यार्थी उत्तीर्ण गर्नु चुनौतीपूर्ण छ ।

सामुदायिक विद्यालयमा एक शिक्षकको रुपमा कर्म गर्दैगर्दा शैक्षिक गुणस्तर किन ह्रास हुँदै गइरहेको छ ? भन्ने प्रश्नका केही कारण भेटिए ।

तहगत रुपमा सामुदायिक विद्यालयले शैक्षिक गुणस्तर कायम गर्न नसक्नुका आ-आफ्नै कारण होलान् । नीतिगत तहमा देखिने कारण फरक होलान् । एउटा शिक्षकको हैसियतमा विद्यालय स्तरमा निजी र सामुदायिक विद्यालयबीचको गुणस्तरीयताको भिन्नताबारे मैले महसुस गरेको अनुभव चर्चा गरौं ।

### सक्नेले बोर्डिङ, नसक्नेले सामुदायिक

अहिले विद्यालय स्तरमा शैक्षिक संस्था रोजाइमै ठूलो विभेद सिर्जना भएको छ । शैक्षिक शुल्क र अतिरिक्त शुल्क व्यहोर्न सक्ने अभिभावकले आफ्ना सन्तानलाई निजी विद्यालयमै पढाउन चाहन्छन् ।

देश-परदेश गरेर भए पनि आफ्ना छोराछोरीलाई बोर्डिङमै पढाउने अधिकांशको धोको नै हुने गरेको छ । आर्थिक रूपमा विपन्न, विपन्न समुदाय, पिछडिएको वर्ग, क्षेत्र र भूगोलका बासिन्दाले सामुदायिक विद्यालयमा पढाउनु पर्ने बाध्यता छ ।

### विपन्नताले गुणस्तरमा ह्रास

सामुदायिक विद्यालयमा अहिले हुनेखानेभन्दा पनि हुँदाखाने वर्गका बालबालिका अध्ययन गर्दैछन् । अभिभावकको न्यून आयस्रोतले बालबालिकाको आधारभूत आवश्यकता पूर्ति गर्न सकिरहेका छैनन् । राज्यले निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ । यद्यपि सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाका अभिभावकले कापी,

....बाँकी पृष्ठ ३ मा

# जाजरकोट भूकम्पका लाभग्राही ८० हजार पुग्ने अनुमान



पालको भरमा भूकम्पपीडित ।

काठमाडौंः जाजरकोट भूकम्पका लाभग्राहीको संख्या बढेको छ । विवरण संकलनको क्रम जारी रहेकाले संख्या अझै बढ्ने अनुमान गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सोमबारसम्म लाभग्राहीको संख्या ६७ हजार सात सय ८० पुगिसकेको छ। यो अझै थपिने क्रममा छ। यसअघि ५९ हजार भन्दाबढी लाभग्राही कायम भएकामा पछिल्लो अद्यावधिक तथ्यांकमा झण्डै नौ हजार थपिएका हुन्।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले संख्या बढेर ८० हजार पुग्ने अनुमान रहेको र सोहीअनुसारको तयारी भइरहेको जानकारी दिए । सुरुमा २८ हजार लाभग्राही कायम भएको थियो। त्यसपछि चार हजार थपिएर ३२ हजार हुनपुग्यो । बढ्दै जाँदा ५९ हजार कायम भएकामा अहिले थपिएर ६७ हजार नाघेको हो । प्राप्त विवरणअनुसार अहिलेसम्म जिल्लामा ३५ हजार एक सय ४०, रुकुमपश्चिममा २३ हजार छ सय आठ, सल्यानमा एक हजार सात सय ३०, बझाङमा चार हजार पाँच सय ७६ र बाजुरामा दुई हजार सात सय २९ लाभग्राही कायम भएको प्राधिकरणका नीति तथा योजना महाशाखा प्रमुख भरतमणि पाण्डेले बताए । लाभग्राहीको सङ्ख्या बढिरहेसँगै उनीहरुका लागि पुनःस्थापन तथा अस्थायी आवास निर्माणको लागत पनि बढ्नेछ । अहिलेसम्म ती लाभग्राहीको अस्थायी आवास निर्माणका लागि दुई अर्ब २६ करोड भन्दाबढी केन्द्रबाट जिल्लामा रकम पठाइसकिएको छ ।

अझै लाभग्राही बढ्नसक्ने हुँदा अनुमानित लाभग्राहीका आधारमा चार अर्ब ७५ करोड रुपैयाँ आवश्यक हुने देखिएकाले थप रकम मागका लागि पहल भइरहेको प्राधिकरणले जनाएको छ । जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत कात्तिक १७ गते गएको भूकम्पले जाजरकोटसहित रुकुमपश्चिम, सल्यान, बझाङ र बाजुरामा क्षति पुऱ्याएको थियो । अहिले सो क्षेत्रका पीडितको अस्थायी आवास निर्माणको काम जारी रहेको छ। *(स्रोतः अनलाइनखबर)*

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

आदरणीय अभिभावकज्यू,

**अनिवार्य शुल्क भूक्तानी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा विद्यालयको शूल्क भूक्तान समयमा नै नहुँदा विद्यालयको कार्य संचालनमा बाधा पुग्न गएको साथै यस विद्यालयको तेस्रो त्रैमासिक परीक्षा यही मिति २०८० पुस १९ गतेदेखि सञ्चालन हुने हुँदा आफ्ना नानीबाबुहरुलाई सो अनुरुप नै परीक्षाको तयारी गराउनुहुन, परीक्षामा सामेल हुनका लागि २०८० पुस महिनासम्मको सम्पूर्ण शुल्कहरु तथा परीक्षा शुल्क समेत बुझाई अनिवार्य रुपमा प्रवेशपत्र लिनहुन अनुरोध गरिन्छ ।

यहाँका नानीबाबुको शैक्षिकसत्र २०८० को हालसम्मको सम्पूर्ण शुल्कहरु बुझाउनु भएका अभिभावकहरुलाई कृतज्ञता व्यक्त गर्दै बुझाउन बाँकी रहनुभएका अभिभावकहरुलाई सम्पूर्ण शुल्कहरु यही पुस १५ गते भित्र बुझाई विद्यालयलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

**अभिभावकज्युहरूको सहजताका लागि विद्यालयको लेखा शाखा शनिबार पनि खुल्ला रहने व्यहोरा जानकारी गराइन्छ ।**

**विद्यालय प्रशासन**

## अभिभावकज्यूहरुमा अनुरोध

कक्षा नर्सरीदेखि कक्षा ५ सम्मको परीक्षा बिहान १०:०० देखि १:०० बजेसम्म र कक्षा ६ देखि ९ सम्मको परीक्षा दिउँसो १:०० बजेबाट सञ्चालन हुने हुँदा सोहीअनुरुप आफ्ना साना बालबालिका लिन आउन हुन ।

आफ्ना बालबालिकाहरुलाई परीक्षाका लागि तयार हुन नियमित अध्ययन कार्यमा सहयोग प्रदान गर्न हुन ।

परीक्षाको नतिजा २०८० माघ १२ गते दिनको १०:०० बजेदेखि १:०० बजेसम्म अभिभावकको प्रत्यक्ष उपस्थितिमा मात्र वितरण गरिने हुनाले अनिवार्य उपस्थिति जनाईदिनहुन ।

अन्य जानकारीका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नहुन समेत अनुरोध गरिन्छ ।
सम्पर्क नम्बरः ९८५५०१३९७७, ९८४०५०४४४६

# बैंकिङ प्रणालीबाट ३५ अर्ब खिच्दै राष्ट्र बैंक




काठमाडौंः राष्ट्र बैंकले बैंकिङ प्रणालीमा रहेको ३५ अर्ब रूपैयाँ प्रणालीबाट खिच्ने भएको छ । १४ दिने निक्षेप संकलन उपकरणमार्फत् राष्ट्र बैंकले प्रणालीबाट रकम खिच्न लागेको हो । बैंकहरुले पुस ११ गते बजेसम्म बोलकबोलमा सहभागिता जनाउनुपर्ने हुन्छ । बैंकहरूले १० करोडदेखि बढीमा ५ करोडले निशेष भाग जाने अंकसम्मको रकमको लागि आवेदन दिन पाउनेछन् ।

यसरी राखिएको रकम राष्ट्र बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थामा समेत धितोको रुपमा राख्न सकिनेछ । बैंकहरूले गरेको बोलकबोलको आधारमा प्रस्ताव गरेको कम ब्याजदर अनुसार नै राष्ट्र बैंकले तोकिएको सीमासम्म रकम लिदै जाने भएको छ । राष्ट्र बैंकमा राखिने यो रकमलाई बैंकहरूले आफ्नो अनिवार्य तरलता मौज्दात र वैधानिक तरलता अनुपात, तरलता अनुपातमा समेत गणना गर्न पाइरहने छन् । राष्ट्र बैंकले यसअघि पुस ६ गते २५ अर्ब बराबरको निक्षेप संकलन गरेको थियो। ५५ बैंक तथा वित्तीय संस्थाले यसमा सहभागिता जनाएका थिए । बैंकहरूले ४५ अर्बसम्म राख्ने आवेदन दिएका थिए । जसमा बैंकहरूले न्यूनतम २.२५ देखि २.९४ प्रतिशतसम्म पाएका थिए । *(स्रोतः अनलाइनखबर)*

# प्रधानमन्त्रीले आज राष्ट्रका नाममा सम्बोधन गर्ने

काठमाडौंः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्ने भएका छन्। प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यका अनुसार मंगलबार दिउँसो तीन बजे सम्बोधन गर्ने कार्यक्रम तय भएको छ ।

प्रधानमन्त्री प्रचण्डले सरकार सम्हालेको एक वर्ष पुगेको अवसरमा सम्बोधन गर्न लागेका हुन् । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई २०७९ पुस १० गते प्रधानमन्त्री नियुक्त गरेकी थिइन् । यसअघि प्रचण्ड २०६४ र ०७४ मा पनि प्रधानमन्त्री बनेका थिए । प्रधानमन्त्री प्रचण्ड आफैंले वर्तमान सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको स्वीकार गर्दै अब नयाँ ढंगले काम गर्ने सार्वजनिक घोषणा गर्दै आएका छन् । *स्रोतः अनलाइनखबर ।*

# दुर्घटनामा दुई जनाको मृत्यु

काठमाडौंः सिन्धुलीमा भएको सवारी दुर्घटनामा खोटाङका दुई जनाको मृत्यु भएको छ। सोमबार सिन्धुलीको सुनकोशी गाउँपालिका-३ बोहोरेटारस्थित झाँगाझोली नजिकै विपरीत दिशाबाट आइरहेको बस र मोटरसाइकल आपसमा ठोक्किएका थिए।

दुर्घटनामा मोटरसाइकल चालक खोटाङको हलेसी तुवाचुङ नगरपालिका-२ डिकुवाका २० वर्षीय सुसल राई र मोटरसाइकलको पछाडि बसेका खोटाङकै दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेकाकी १८ वर्षकी मुनाकला राईको मृत्यु भएको हो । मुनाकलाको घटनास्थलमै र सुसलको खाल्टेस्थित स्थानीय स्वास्थ्य संस्थामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रवक्ता प्रहरी नायब निरीक्षक चिरन्जीवी दाहालले जानकारी दिए ।

काठमाडौंबाट खोटाङ जाँदै गरेको बा ६० प ३५४५ नम्बरको मोटरसाइकललाई विपरीत दिशा (रामेछाप) बाट आउँदै गरेको बागमती प्रदेश ०१-००६ ख ४५९३ नम्बरको बसले ठक्कर दिएको हो। दुर्घटनापछि बसका चालक रामेछापको मन्थली नगरपालिका-१३ का २४ वर्षीय रूपेश अधिकारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनामा परी मोटरसाइकलमा सवार दुवै जनाको मृत्यु भएपछि आक्रोशित स्थानीय बासिन्दा तथा यात्रुले बसमा आगजनी गरेर सडक अवरूद्ध पारेका थिए । स्थानीय बासिन्दा एवम् अन्य सवारी साधनका यात्रुले बस चालकको लापरबाहीले दुर्घटना भएको भन्दै चालकलाई हदैसम्मको कारबाही गर्न माग गरेका छन् ।

यातायातका सवारी साधनको निकै चाप हुने उक्त राजमार्ग अवरुद्ध हुँदा काठमाडौं आवतजावत गर्ने सवारी साधनहरूको दुर्घटनास्थलमै लर्को लागेको थियो । दुर्घटनापछि आक्रोशित भीडले अवरूद्ध गरेको सडक करिब दुई घन्टापछि बिनासर्त खुलाइएको प्रहरीले जनाएको छ। मृतकको शव परीक्षणका लागि सिन्धुलीको सदरमुकाम सिन्धुली माडी पुऱ्याएको डिकुवाका वडाध्यक्ष देवेन्द्र राईले जानकारी दिए ।

*(स्रोतः सेतोपाटी)*

# बोर्डिङमा पढाउँदा...

कलम, पोसाक तथा सामान्य शुल्कसमेत समयमा व्यहोर्न सकिरहेका छैनन् । बालबालिकालाई दैनिक खाजा, मौसम अनुकूलको लत्ता कपडा, अतिरिक्त शैक्षिक सामग्री उपलब्ध नहुँदा पनि उनीहरुको पढाइमा सुधार हुन सकेको छैन। कतिपय माथिल्लो कक्षामा पढ्ने बालबालिकाहरुले पढाइको समयमा ज्याला मजदुरी गरेर पढ्नु पर्ने बाध्यता पनि छ ।

**शिक्षाप्रति चासो भएकाको रोजाइ बोर्डिङ**

विगतमा सहर केन्द्रित निजी स्कुलहरुले अहिले गाउँगाउँसम्म जरा फिँजाइसकेका छन् । एउटै टोलमा पनि शिक्षाप्रति चासो दिने अभिभावकले आफ्ना बालबच्चाहरुलाई निजी विद्यालयमा भर्ना गर्छन् । उनीहरु बालबालिकाको पढाइप्रति चासो र चिन्ता गर्छन् । विद्यालयको पढाइ र गृहकार्यको सोधखोज गर्छन्। त्यसैमाथि निजी स्कुलहरुले बालबालिकाको सिकाइमा अभिभावकको अधिकतम सक्रियता हुने खालको वातावरण सिर्जना गर्छ ।

अधिकांश निजी स्कुलले बालबालिकालाई विद्यालय पुऱ्याउन र ल्याउनका लागि अभिभावक आउनै पर्ने नियम बनाएको हुन्छ । शिक्षाप्रति चासो नदिने अधिकांश अभिभावकले 'बाध्यात्मक' शैलीमा बालबालिकालाई सामुदायिक विद्यालय पठाउँछन् । बालबालिकाले के पढिरहेका छन् ? विद्यालयमा के पढाइ भयो ? गृहकार्य के छ ? यी कुरामा सामुदायिक विद्यालयका अभिभावक साँचो दिँदैनन् । बालबालिकालाई विद्यालय पुऱ्याउन, ल्याउन जाने त कहाँ हो कहाँ। बालबालिकाको परीक्षाफल समीक्षा गर्न बोलाउँदा पनि अभिभावक उपस्थित हुँदैनन् । उनीहरुलाई चासो छैन ।

**तल्लो तह देखिनै कमजोर सिकाइ**

आर्थिक रुपमा विपन्न, शिक्षामा चासो नदिइएका बालबालिका, पढ्ने वातावरण नपाएका बालबालिका पढ्न आउने भएकाले उनीहरुलाई सिकाउन चुनौतीपूर्ण छ। शिक्षाको जग नै विद्यालयको तल्लो तहका कक्षा हुने भएकाले जग बसाल्न कठिन छ । साना कक्षाहरुमा सिक्नुपर्ने ज्ञान, सीप, अभिवृद्धि उनीहरुले सिक्न सकेका छैनन्। विद्यालयमा मात्र पढेकै भरमा सिकाइ उपलब्धि हासिल गर्न उनीहरुलाई कठिन छ । कक्षा बढ्दै जाँदा विषयवस्तुको कठिनता पनि थपिँदै जान्छ। माथिल्लो कक्षामा पुगेपछि उनीहरुले तह अनुसारको बोध क्षमता राख्न सकिरहेका छैनन् ।

**अभिभावकलाई सक्रिय बनाउन नसक्नु कमजोरी**

जसरी निजी स्कुलले सम्पूर्ण अभिभावकलाई बालबालिकाको सिकाइप्रति सक्रिय बनाउँछ, त्यसैगरी सामुदायिक विद्यालयले अभिभावकलाई सक्रिय बनाउन सकेको छैन। विद्यार्थीका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षका बारेमा निजी स्कुलहरुले नियमित अभिभावकसँग संवाद, अन्तरक्रिया र परामर्श गर्ने गर्दछन्। तर, सामुदायिक विद्यालयमा त्यो खालको माहोल छैन । विद्यालय प्रशासन, शिक्षकले त्यसलाई आफ्नो कर्तव्य ठानेका छैनन्। अभिभावक सक्रिय बनाउन नसक्दा शिक्षक, अभिभावक र विद्यार्थीबीच सामुदायिक विद्यालयमा एक किसिमको ग्याप देखिन्छ। त्यो ग्यापले गर्दा विद्यार्थीको सुधारात्मक पक्षको बारेमा अन्तरक्रिया र समाधान हुन सकेको छैन ।

**अभिभावकको प्रत्यक्ष लगानी नहुँदा बेवास्ता**

निजी विद्यालयमा अभिभावकले प्रत्यक्ष रुपमा विभिन्न शीर्षकमा शुल्क तिर्नुपर्ने हुन्छ। शुल्क तिरेको छु नि नतिजा पनि चाहिन्छ भन्ने मानसिकताले पनि अभिभावकहरु निजी स्कुलबाट तत्कालै नतिजा चाहन्छन् जसका लागि उनीहरु आफैं पनि सक्रिय हुन्छन् । सामुदायिक विद्यालयमा अभिभावकको प्रत्यक्ष लगानी छैन। यद्यपि राज्यले सामुदायिक विद्यालयमा लगानी गरेको छ । राज्यको लगानीप्रति अभिभावकको अपनत्व छैन । सामुदायिक विद्यालयप्रति अभिभावक बेमतलब छन् । निजी विद्यालयमा दैनिक दुई पटक धाउने अभिभावकलाई सामुदायिक विद्यालयको बैठक, छलफलमा पनि उपस्थित हुँदैनन्। पत्र नै काटे पनि पनि अभिभावकले वास्ता गर्दैनन्।

*(लेखकः सुनिल धामी हालसालै शिक्षक सेवा आयोगबाट सिफारिस भएर कास्की पृथ्वी नारायण मावि धम्पुसमा अध्यापन गराउँछन्/ स्रोतः सेतोपाटी)*



# महोत्सवमा प्रमोदको गीत सुन्न दर्शकको भीड



*महोत्सवमा गीत गाउँदै गायक प्रमोद खरेल ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडाको टिसिएन चौरमा सञ्चालन भैरहेको खेलकुद तथा व्यापार महोत्सवमा सोमबार चर्चित गायक प्रमोद खरेलको गीतमा नाच्न रमाउन दर्शकको भीड लागेको छ । युवा पुस्ताले निकै रुचाएका गायक खरेलले आफ्ना करिब एक दर्जन गीत गाएका थिए । महोत्सवका दर्शकहरुले नाच्दै र गाउँदै उनलाई साथ दिएका थिए ।

सोमबार खरेलसँगै गायिका सहिमा श्रेष्ठ, गायक असिमकुमार कटुवाल र जादुगर बलराम सरकारको प्रस्तुती रहेको थियो । जारी महोत्सवमा आज मंगलबार लोक गायक पशुपति शर्मा, लोक गायिका ज्योति मगरसहित मनोज गोर्खाली, ध्रुव विस्को, केको सिङ लगायतको प्रस्तुती रहने आयोजकले जनाएको छ । महोत्सवमा दैनिक दर्शकको उपस्थिति बढ्दो क्रममा रहेको छ । प्रत्येक दिन राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुती रहँदै आएको छ ।

१७ गतेसम्म सञ्चालन हुनेमा महोत्सवमा राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय गरी १३ वटा विधामा खेल हुनेछ । महोत्सव आयोजक समितिका संयोजक समेत रहेका मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीले खेलकुद क्षेत्रको विकासका लागि आयोजना भएको महोत्सवमा सबै क्षेत्रको सहयोग प्राप्त भैरहेको बताए । महोत्सवमा करिब २६० वटा विभिन्न स्टल रहेको छ ।

महोत्सवमा कृषि, पर्यटन, हस्तकला, अटो मोबाइलका साथै बाल उद्यान लगायत राखिएको छ । महोत्सवबाट खेलकुद विकास समितिलाई प्राप्त हुने रकमबाट वर्षभर खेलकुद प्रतियोगिता आयोजना गर्ने आयोजकले लक्ष्य राखेको छ । महोत्सवबाट मकवानपुर जिल्ला खेलकुद विकास समितिले करिब २५ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

# कैलाशमा साँस्कृतिक मेला आजदेखि सुरु हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा वृहत साँस्कृतिक कार्यक्रम आज मंगलबारदेखि सुरु हुने भएको छ । पछिल्लो समय लोप हुन लागेको मारुनी नाच संरक्षण एवम् प्रवर्द्धनका लागि मंगलबार र बुधबार कालिका मेला आयोजना हुन लागेको मेला व्यवस्थापन समितिका सदस्य सचिव रविन्द्र थिङ तामाङले जानकारी दिनुभयो ।

कालिका मेला व्यवस्थापन समिति, कैलाशको आयोजना, गाउँपालिकाको मुख्य आर्थिक सहयोग र मकवानपुर राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको समन्वयमा मेला हुन लागेको हो । मेलाको तयारी पूरा भएको उहाँले बताउनुभयो । पछिल्लो समय लोप हुन लागेको मारुनी नाचको संरक्षण र कृषि प्रदर्शनका लागि मेला आयोजना गर्न लागेको सदस्य सचिव थिङले बताउनुभयो । मारुनी नाच गुरुङ र मगर जातिमा बढी प्रचलित भएपनि मकवानपुरको कैलाश गाउँपालिकामा तामाङ समुदायहरुले पनि मारुनी नाच नाच्दै आएका छन् । यसअघि विभिन्न जात्राहरुमा मात्र मारुनी नाच हुने गरेकोमा यसपटक भने नाचसँगै मेलाको व्यवस्थापनका लागि कार्यक्रम आयोजना गर्न लागिएको उहाँले बताउनुभयो ।

मेलामा राष्ट्रिय तथा स्थानीय कलाकारहरुले प्रस्तुती रहने थिङले बताउनुभयो । मेलामा चर्चित लोकदोहोरी गायक बद्री पंगेनी, मिलन लामा, चन्द्र शर्मा, अस्मिता डल्लाकोटी, प्रकाश तामाङ, रविन कुमार चेपाङ, दिपेन्द्र पुन, प्रतिमा अर्याल, अजित लोप्चन, प्रमिला आले मगर, दिपराज खत्री, प्रेमा लोप्चन, सुनिल केसी, सरु कार्की, विश्व अधिकारी, सुजन चेपाङ र प्रतिक्षा ढकाल लगायतले प्रस्तुती दिनेछन् । मंगलबार साँझ सुरु हुने मेलाको कैलाश गाउँपालिकाका अध्यक्ष लोक बहादुर मोक्तानले उद्घाटन गर्नुहुनेछ । मेलामा करिब ८ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# राष्ट्रिय तेक्वान्दोमा ज्योति डोजाङ प्रथम



*तेक्वान्दो प्रतियोगितामा भिड्दै खेलाडी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी बृहत् खेलकुद तथा व्यापार महोत्सव अन्तर्गत सोमबार भएको राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा ज्योति तेक्वान्दो डोजाङ प्रथम भएको छ । १२ वटा तौल समूहमा भएको प्रतियोगितामा ज्योतिले ३ स्वर्ण, ३ रजत र ३ कास्य पदक जित्दै पहिलो भएको हो । ३ स्वर्ण र एक काश्यसहित किरणचोक तेक्वान्दो डोजाङ द्वितीय भएको छ भने २ स्वर्ण, ४ रजत र एक काश्यसहित क्रियटिभ डोजाङ तृतीय भएको छ ।

प्रतियोगितामा मकवानपुरको ८ वटा डोजाङले सहभागिता जनाएका थिए । पशुपति डोजाङले २ स्वर्ण, २ रजत र ३ कास्य पदक जितेको छ भने माउण्ट एभरेष्ट डोजाङले १ स्वर्ण र एक रजत जितेको छ । यस्तै टिसिएन डोजाङले एक स्वर्ण र एक रजत, जेनिथ डोजाङले ५ कास्य र ज्ञानोदय डोजाङले २ कास्य जितेको आयोजकले जानकारी दिएको छ ।

विजेता खेलाडीहरुलाई नेपाली कांग्रेस मकवानपुरका नेता आनन्दराम पराजुली, हेटौंडा उपमहानगरपालिका १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, ६ नम्बर वडा अध्यक्ष विष्णु बहादुर दाहाल, ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापा, ९ नम्बर वडा अध्यक्ष शुकराम केसी, १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामा, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्की, पूर्व अध्यक्ष सानु लामा लगायतले पुरस्कार वितरण गरेका हुन् । महोत्सवमा दैनिक विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन भैरहेको छ ।

# मकवानपुर क्रिकेट क्लब विजयी



*म्यान अफ द म्याच समीर चौलागाईलाई ट्रफी प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा जारी प्रधानमन्त्री क्रिकेट टिम छनोट प्रतियोगितामा मकवानपुर क्रिकेट क्लब विजयी भएको छ । सोमबार हेटौंडा-४, हुप्रचौरमा भएको खेलमा मकवानपुर क्रिकेट क्लबले हेटौंडा-४ स्थित हेटौंडा स्कुल अफ म्यानेजमेन्टलाई १२१ रनले पराजित गरेको छ । टस जितेर पहिलो व्याटिङ गरेको मकवानपुर क्रिकेट क्लबले ३३ ओभर ६ बलमा सबै विकेटको १७९ रन बनाएको थियो ।

मकवानपुर क्रिकेट क्लबबाट सबैभन्दा बढी सन्तोष उपाध्यायले ३९ बनाए । रिजन ढकालले ३८ रन, तक्षक सिम्खडाले २१ रन र सक्षम बास्ताकोटीले १५ बनाएका थिए । म्यानेजमेन्टबाट कृष्ण यादवले सबैभन्दा बढी ३ विकेट लिएका थिए । राजा अहमद र विशाल फुयालले समान २-२ विकेट लिएका थिए । यस्तै सन्तोष दासले र अमन यादवले समान एक-एक विकेट लिन सफल भएका थिए ।

जवाफी व्याटिङमा उत्रिएको म्यानेजमेन्ट १५ ओभरमा सबै विकेट गुमाएर ५८ रन मात्र जोड्न सफल भयो । म्यानेजमेन्टबाट विशाल फुयालले सर्वाधिक ३० रन र राजा अहमदले ११ बनाएका थिए । मकवानपुर क्रिकेट क्लबाट समिर चौलागाईंले ५ ओभरमा १ मेडन ओभरमा ११ रन खर्चेर सर्वाधिक ५ विकेट लिन सफल भएका थिए । म्यान अफ द म्यान मकवानपुरबाट सर्वाधिक विकेट लिने समीर चौलागाईं घोषित भए ।

विनोद प्रधानको संयोजकत्वमा प्रतियोगितामा ५ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगितामा सहभागी भएका प्रतियोगीहरु मध्ये पहिलो चरणमा उत्कृष्ट २२ खेलाडीहरु छनोट गरी दोस्रो चरणमा प्रदेशमा पठाइने मकवानपुर जिल्ला क्रिकेट संघको सदस्य साजन कुमार शर्माले जानकारी दिनुभएको छ ।

गतवर्ष भएको प्रधानमन्त्री क्रिकेट प्रतियोगितामा मकवानपुरबाट ४ जना छनोट भएका थिए । छनोट हुनेमा रामनरेश गिरी, गौरव खड्का, रिजन ढकाल र शुभ कंसाकार रहेका थिए । प्रतियोगिता अन्तर्गत मंगलबार हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र ओम नगर क्रिकेट क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

## बुधबारे बालसाहित्य विशेषबारे

मकवानपुर जिल्ला पठन संस्कृतिका हिसाबले कमजोर अवस्थामा रहेको जिल्ला हो । हामी पछिल्लो समय विद्यालय तहका विद्यार्थीलाई नै पाठ्यक्रमका पुस्तकबाहेक अन्य पाठ्यसामग्री अध्ययन गर्नुपर्ने आवश्यकताबारे बुझाउने प्रयासमा छौं । यस क्रममा हामीले ७ कक्षाभन्दा माथिल्लो कक्षाका विद्यार्थीलाई दैनिक पत्रिका विद्यालयबाटै वितरण गर्ने गरेका छौं । यो अभियानमा सहकार्य गर्ने विद्यालयप्रति आभारी छौं । विद्यार्थीलाई पत्रिकामा आफ्नै रचना अध्ययनको अवसर रह्यो भने पठनप्रति अझ बढी रुचि जागृत हुने अपेक्षा गरेका छौं । हामीले हरेक शनिबार साहित्यिक रचना प्रकाशन गर्ने गरेका छौं । शनिबारको अंकमा विद्यार्थीका रचनालाई पर्याप्त स्थान दिन सम्भव नभएका अवस्थालाई ध्यानमा राखी आजदेखि हरेक बुधबार पहिलो चरणमा पेज ३ लाई बालसाहित्य विशेषको रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छौं । यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

## बाल समूहस्तरीय फुटबल प्रतियोगिता

# फाइनलमा अग्राठे र इच्छा-जागृती

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ को आयोजनामा भइरहेको ७ नम्बर वडाभित्रका बाल समूहस्तरीय नकआउट फुटबल प्रतियोगिताको फाइनलमा अग्राठे बाल समूह र इच्छा-जागृती बाल समूह भिड्ने भएका छन् । हेटौंडा-७ स्थित नवज्योति खेलमैदानमा भइरहेको प्रतियोगिताको फाइनल खेल मंगलबार दिउँसो हुनेछ ।

अग्राठे बाल समूह प्रतियोगिताको समूह "क" को बिजेता बन्दै फाइनलमा प्रवेश गरेको हो भने इच्छा-जागृती बाल समूह प्रतियोगिताको समूह "ख" को बिजेता बन्दै फाइनलमा प्रवेश गरेको हो । सोमबार भएको पहिलो सेमिफाइनलमा इच्छा-जागृती बाल समूहले प्रगति बाल समूहलाई २-१ गोलअन्तरले हराउँदै फाइनलमा प्रवेश गरेको हो । त्यस्तै सोमबार नै भएको दोश्रो सेमिफाइनल खेलमा अग्राठे बाल समूहले स्मृति बाल समूहलाई ३-० गोलअन्तरले हराउँदै फाइनलमा प्रवेश गरेको हो ।

नकआउट प्रणालीको आधारमा भएको प्रतियोगितामा १० वटा बाल समूहको सहभागी रहेको थियो । प्रतियोगितामा प्रथम हुने टिमले नगद १० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै प्रतियोगितामा द्वितीय हुने टिमले नगद ५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौ र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

सुकराम केसी
वडा अध्यक्ष तथा
९ नम्बर वडा कार्यालय परिवार

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७